# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड८] काठमाडौं आश्विन २० गते २०१५ साल [संख्या२६


### गृहमन्त्रालयको विज्ञप्ति

#### पत्रप्रतिनिधिहरूलाई प्रमाणपत्र दिने नियम

देशमा पत्रकारिताको उचित र स्वस्थ बिकाशको निमित्त पत्रप्रतिनिधि तथा सम्बाददाताहरूलाई आवश्यक सरकारी सुबिधा प्रदान गर्न र पत्रकारिता तथा समाचारहरूको आदान प्रदानको कामलाई नियमित तथा सुव्यवस्थित गराउने उद्देश्यले सरकारबाट यो नियम बनाई जारी गरिएको छ।

१. यो नियम जारी भएको दुई महीनाभित्र, हाल कुनै समाचारपत्र र सम्वाद समिति इत्यादिका निमित्त काम गरिरहेका पत्रप्रतिनिधि अथवा सम्बाददाताहरूले अथवा तलका दफाहरूमा लेखिएका शर्त पूरा गरी यो काम गर्न चाहने सम्बन्धित ब्यक्तिहरूले तलका दफाहरूमा जनाइएका ब्यहोरा समेत खुलाई प्रचारबिभागमा रीतपूर्वकको आवेदनपत्र दिनुपर्दछ। यस्तो आवेदनपत्र दिंदा सम्बन्धित ब्यक्तिहरूले आफूले प्रतिनिधित्व गर्न चाहेका समाचार पत्रको सम्पादक अथवा सम्वाद समितिको व्यवस्थापक वा विभिन्न




आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रेडियो र न्यूजरील संस्थाहरूका प्रमुखहरूको सिफारिश पत्रसमेत) राखी आवेदनपत्र पेश गर्नु पर्दछ।

२. माथि उल्लेख गरिएका प्रकारले आवेदनपत्र दिंदा, साविकदेखि नै काम गरिरहेका पत्रप्रतिनिधि र सम्वाददाताहरू बाहेक अन्य आवेदकहरूले, नेपालको नागरिक भए आफ्नो इलाकाको बडाहाकिम वा मजिष्ट्रेट र विदेशी नागारक भए आफ्नो देशको कूटनैतिक प्रतिनिधि वा वाणिज्य दूतले दिएको परिचयपत्रसमेत आवेदनपत्रका साथै पेश गर्नु पर्दछ।

३. उपरोक्त प्रकारले आएका आवेदनपत्रहरूलाई आवश्यक सम्झेमा प्रचार-विभागका डाइरेक्टरले प्रेस सल्लाहकार समितिमा आवश्यक परामर्शको निम्ति पठाउने छन्।

४. माथि लेखिएका नियम कार्यवाहीहरू पूरा गरी प्रचारविभागका डाइरेक्टरले सिफारिश गरी पठाएका आवेदकहरूलाई प्रचारविभागका तालुकवाला सम्वन्धित अधिकारीको दस्तखत भएको प्रमाणपत्र प्रदान गरिने छ। यस्ता प्रमाणपत्रहरू १ वर्षको निम्ति दिइने छ र हरेक वर्ष यसलाई बहाल गर्न आवेदन आएमा सरकारले मुनासीव ठहऱ्याए पुनः बहालगरिने छ।

५. पत्रप्रतिनिधि र सम्वाददाताहरूले निम्नलिखित शर्त पूरा गर्नु पर्दछ :-

क. पत्रप्रतिनिधिहरूको स्थायी अफिस काठमाडौंमा तथा सम्वाददाताको हकमा आफ्नो कार्यक्षेत्र भित्रको कुनै एक ठाउँमा स्थायी अफिस हुनुपर्दछ।

ख. पत्र प्रतिनिधि र सम्वाददाताहरूको मुख्य व्यवसाय पत्रकारिता तथा फोटोग्राफर र न्यूजरील क्यामेराम्यानहरूको लागि निर्धारित काम नै मुख्य व्यवसाय हुनुपर्दछ।

ग. पत्रप्रतिनिधि र प्रेस फोटोग्राफर न्यूजरील क्यामेराम्यानहरूले आफ्नो व्यवसाय सम्बन्धी कमसेकम ३ वर्षको क्रियात्मक अनुभव र सम्वाददाताहरूले कमसेकम १ वर्षको क्रियात्मक अनुभव हासील गरेको प्रमाणपत्र पेश गर्नु पर्दछ।

घ. समाचारपत्रका पत्रप्रतिनिधि तथा सम्वाददाताहरूलाई प्रमाणपत्र दिंदा सम्वन्धित समाचारपत्रको प्रकार, वितरण प्रणाली, प्रभाव तथा वितरण संख्यामा समेत विचार गरिनेछ। साधारणतया एक हजार भन्दा बढी वितरित हुने समाचारपत्रको प्रतिनिधिलाई न पत्र प्रतिनिधिको प्रमान-


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पत्र दिइनेछ। उपरोक्त प्रकारका समाचारपत्रहरू मध्ये साधारणतया प्रत्येकलाई एक जना पत्र प्रतिनिधि र राजधानीमा १ जना सम्बाददातासम्मलाई प्रमाणपत्र दिइनेछ यसका अतिरिक्त प्रत्येक जिल्लामा १ जना सम्वाददाता सम्मलाई प्रमाणपत्र दिइनेछ।

ङ. प्रत्येक सम्बादसमितिको निम्ति बढीमा दुइजना पत्रप्रतिनिधिलाई प्रमाणपत्र दिइनेछ। यसको अतिरिक्त सम्बादसमितिहरूले आवश्यक भएमा देशका इलाकाहरूमा सम्वाददाताहरू राख्न सक्नेछन्। यस दफामा उल्लेख गरिएका सम्बादसमितिहरूमा विदेशीका हकमा पहिलेदेखि नै व्यवस्थित भई ख्यातिप्राप्त सम्वादसमितिलाई र नेपालमा पनि भविष्यमा कुनै सम्वादसमिति स्थापित भएमा देशका विभिन्न इलाकाहरू मध्ये कमसेकम १० स्थानमा स्थायी अफिस राखी कार्य संचालन गर्ने तथा कमसेकम ५ वटा समाचारपत्र वा रेडियो प्रणालीलाई ग्राहक बनाइसकेका सस्थालाई सम्बादसमिति भन्ने सम्झी तदनुरूप सुविधा दिइनेछ।

च. माथि उल्लेख गरिएका काठमाडौंमा अफिस भएका, सप्ताहमा एक वा सो भन्दा बढी पटक प्रकाशित हुने समाचारपत्रहरूका पत्रप्रतिनिधि बाहेक विदेशका प्रतिष्ठित समाचारपत्र सम्वाद समितिका प्रतिनिधि इत्यादि र न्यूजरील क्यामराम्यान प्रेसफोटोग्राफर वा विदेशी रेडियो प्रणालीका प्रतिनिधिहरू काठमाडौंमा आउदा बखत आफ्नो संस्थाका प्रमुखको सिफारीशपत्र तथा कूटनैतिक वा वाणिज्य दूतको परिचयपत्र समेत लिई आएमा निजहरूलाई दुई महीनासम्मको निमित्त अस्थायी प्रमाणपत्र दिइनेछ। तर यस्ता अस्थायी प्रमाणपत्र पाउने पत्रप्रतिनिधि इत्यादिहरूले नेपालको जुन इलाकामा जान पाउने अनुमति पाएकाछन् त्यही क्षेत्र भित्र निजहरूले काम गर्नु पर्दछ। कुनै अवस्थामा निर्धारित क्षेत्र भन्दा अन्यत्र पनि गई कामगर्न परेमा सरकारबाट विशेष अनुमति लिनुपर्दछ।

६. क. उपरोक्त दफाहरूअनुसार पाएका प्रमाणपत्रहरू व्यक्तिगतहुनेछन् अर्थात् जुन व्यक्तिको नाममा प्रमाणपत्र प्रदान गरिन्छ तिनैले मात्र त्यसको उपयोग गर्न पाउनेछन् तर कुन परिस्थिति विशेषमा पत्रप्रतिनिधिहरूको अस्थायी अनुपस्थितिमा सम्वादसमिति वा समाचारपत्रहरू तर्फबाट अरूलाई नै पठाउनु पर्ने भएमा त्यसको जनाउ प्रचार विभागमा तुरुन्त पठाइदिनुपर्दछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ख. कुनै पत्रप्रतिनिधि वा सम्वाददाता इत्यादिले आफ्नो प्रतिनिधित्व गर्ने काम छोडेमा सम्वन्धित सम्वादसमिति वा समाचारपत्रहरू तर्फबाट एक हप्ताभित्र सो सूचना प्रचारविभागमा पठाउनु पर्दछ। उक्त परिस्थितिमा कुनै अन्य प्रतिनिधि सम्वाददातालाई नियुक्त गर्नुपरेमा माथिका दफा दफामा उल्लेख गरिएअनुसार रीत पुर्‍याई प्रमाणपत्र प्राप्त गर्नु पर्दछ।

७. क. कुन पत्रप्रतिनिधि वा सम्वाददाताले आफ्नो व्यवसायको प्रतिकूल, मर्यादारहित आचरण गरेमा, वा निजलाई प्रदान गरिएका सुविधा सहुलियतको दुरुपयोग गरेमा अथवा यस व्यवसायमा हुनुपर्ने नियमितता, सच्चाई इत्यादिको पालन नगरी अभ्यस्तरूपले भ्रामक समाचारहरू पठाउने काम गरेमा सरकारले त्यस्ता पत्रप्रतिनिधि वा सम्वाददाताको प्रमाणपत्र रद्द गर्नसक्ने छ।

ख. कुनै पत्रप्रतिनिधि वा सम्वाददाताले माथि उल्लेख गरिएका प्रकारको आचरण गरेको कुरा सरकारलाई स्वयम् थाहा भएमा अथवा स्थानीय हाकिम, बडाहाकिमहरूको तत्सम्बन्धी रिपोर्ट पर्न आएमा सरकारले जाँच बुझगरी यस सम्वन्धमा कारबाई गर्नुपरेमा आवश्यक सम्झे सो बिषय प्रेस सल्लाहकार समितिमा पठाई उक्तको पनि राय लिन सक्छ।

ग. माथि लेखिएका कुराहरूको अतिरिक्त सरकारले राष्ट्रहितका निमित्त आवश्यक सम्झेमा जुनसुकै परिस्थितिमा पनि कुनै पत्रप्रतिनिधि वा सम्वाददातालाई दिएको प्रमाणपत्र रद्द गर्नसक्ने छ र यस सम्बन्धमा सरकारको निर्णय अन्तिम हुने छ।

८. क. प्रमाणपत्र पाएका पत्रप्रतिनिधि, प्रेस फोटोग्राफर इत्यादि तथा कुन पत्रप्रतिनिधिको अनुपस्थितिमा निजको सट्टा राजधानीमा काम गर्ने त्यस समाचारपत्रका सम्वाददाताले आम सरकारी समारोह, प्रेस कान्फरेन्स इत्यादिमा आफ्ना प्रमाणपत्र देखाई प्रेसवालाहरूका निमित्त निर्धारित स्थानमा गई बस्न पाउने छन् तर विशेष सरकारी समारोह, भोज इत्यादिमा निमन्त्रणा पाएकाहरूमात्र प्रवेश गर्न पाउनेछन्।

ख. जिल्लास्थित सम्वाददाताहरूले पनि माथि लेखिएअनुसार नै आफ्नो इलाकाभित्र हुने समारोहहरूमा जान पाउनेछन्।

ग. प्रमाणपत्र पाएका पत्रप्रतिनिधि प्रेस फोटोग्राफर इत्यादिले समाचार सामग्री तथा सूचना साहित्यका निमित्त प्रचारविभागका डाइरेक्टर तथा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अन्य अफिसरहरूसंग सम्पर्क राख्नसक्नेछन्। निजहरूले सरकारी प्रचारविभागलाई नै समाचार संकलनको निमित्त साधारणतया मुख्य साधन मान्नुपर्दछ। तर विशेष परिस्थितिमा आवश्यक भए निजहरूले विभागीय मन्त्री, सेक्रेटरी अथवा सरकारले प्रैससंग सम्पर्क राख्न इजाजत दिएका अन्य अफिसरहरूसंग निजहरूको अवकास, सुविध हेरी समय मिलाई सम्पर्क राख्नसक्ने छन्।

घ. पत्रप्रतिनिधिहरूलाई प्रचारविभागबाट प्रकाशित हुने बुलेटिन, साहित्य प्रेसरिलिज, प्रेस समाचार इत्यादि र कुनै लेख इत्यादि सचित्र गराउन आवश्यक परेमा प्रचारविभागका फोटो पब्लिसिटी सेक्सनमा भएका चित्र, ब्लक इत्यादि पनि दिइने छ।

ङ. पत्रप्रतिनिधि तथा सम्वाददाताहरूलाई आवश्यकतानुसार समय समयमा सरकारले निर्णय गरेबमोजिम दिइने अरू सुविधाहरू प्रदान गरिने छ।

नोट :-यस नियममा ठाउँ ठाउँमा उपयोग गरिएका केही विशेष शव्दहरू मध्येः-

क. पत्रप्रतिनिधि शब्दले काठमाडौंमा आफिस भएका हप्तामा १ वा सो भन्दा बढ्ता पटक प्रकाशित हुने समाचारपत्रहरूको प्रतिनिधि र देश अथवा विदेशका सम्बाद समितिका प्रतिनिधिहरूलाई जनाउने छ।

ख. माथि उल्लेख गरिएका किसिमका समाचारपत्र तथा सम्वादसमितिलाई प्रतिनिधित्व गर्ने प्रेस फोटोग्राफर, प्रमाणपत्र पाएका स्वतन्त्र फोटोग्राफर, न्यूजरील क्यामराम्यान र देशी तथा विदेशी रेडियो प्रणालीका प्रतिनिधिहरूलाई पनि पत्रप्रतिनिधि सरह नै मानिनेछ।

ग. सम्बाददाता शब्दले देशका बिभिन्न इलाकामा (अथवा आवश्यकता परे राजधानीमा समेत) रही समाचार संकलन गरी समाचारपत्र वा सम्वादसमितिहरूमा पठाउने व्यक्तिलाई जनाउनेछ।

आज्ञाले-

जीवनाथ लोहनी

का. मु. सचिव— गृहमन्त्रालय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ५५८